म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१७ अङ्कः- १११ २०८२ फागुन ३० गते शनिबार 14 March 2026, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## केपी शर्मा ओलीलाई पितृशोक

काठमाडौं : पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई पितृ शोक परेको छ । उनका बुवा मोहन प्रसाद ओलीको ९७ वर्षको उमेरमा निधन भएको हो । एमाले सचिव पद्मा अर्यालले यो जानकारी दिएकी हुन् । केही दिनयता अस्वस्थ मोहन प्रसादको शुक्रबार बिहान गट्ठाघरस्थित कोरियन अस्पतालमा निधन भएको हो । उनको पार्थिव शरीर शुक्रबार दिउँसो पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । मोहनप्रसाद गट्ठाघरस्थित छोरीको निवासमा बस्दै आएका थिए । गएराति अप्ठ्यारो महसुस भएपछि उनलाई अस्पताल पुर्‍याइएको थियो । अस्पतालमा उपचारको क्रममा उनको निधन भएको एमाले अध्यक्ष ओलीको सचिवालयले जनाएको छ । गत भदौ २३ र २४ को जेनजी आन्दोलनको क्रममा मोहन प्रसादको झापास्थित घरमा पनि आगजनी भएको थियो । त्यसयता उनी झापा गएका थिएनन् । त्यसअघिसम्म उनी झापास्थित घरमा आउजाउ गरिरहन्थे ।

# गौरीटार रंगशाला प्रदेशकै गौरव : मुख्यमन्त्री बानियाँ



*महोत्सवको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री बानियाँ ।*

**समाज संवाददाता**

हेटौँडा : बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेशको गौरवको रुपमा गौरीटार रंगशालालाई अघि बढाउन प्रदेश सरकारले १ अर्बभन्दा बढी लगानी गर्ने बताउनुभएको छ । शुक्रबार हेटौँडामा सुरु भएको दोस्रो वृहत खेलकुद, कृषि तथा पर्यटन महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले गौरीटार रंगशालालाई गौरवको आयोजनाको रुपमा अघि बढाउन लागिएको जानकारी दिनुभएको हो ।

मुख्यमन्त्री बानियाँले यसअघि केही करोडमात्र लगानी गरेकोमा अब यस रंगशालामा सिन्थेटिक ट्र्याक, खेलमैदान, स्विमिङ पुल, हेल्थ क्लब, ब्याटमिन्टन, बास्केटबल, क्रिकेटलगायतका अधिकांश खेल सुविधासहितको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता गर्नसक्ने गरी निर्माण गर्न लागिएको स्पष्ट पार्नुभयो । उहाँले बागमती प्रदेश खेलकुद विकास समितिले पनि अबको एक महिनाभित्रै खेल महोत्सव आयोजना गर्न लागेको बताउनुभयो ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा सुरु भएको खेलकुद महोत्सवमा विभिन्न खेलकुद प्रतियोगिता सञ्चालनका साथै सामग्री प्रदर्शनी तथा बिक्री गरिनेछ । महोत्सवमा ३ सय ५० भन्दा बढी स्टलहरु रहेका छन् । महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकारहरुको साँस्कृतिक प्रस्तुति पनि रहने आयोजकले जनाएको छ ।

शुक्रबारदेखि सुरु भएको महोत्सव चैत १४ गतेसम्म सञ्चालन हुने जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मुक्तानले जानकारी दिनुभयो । खेलकुद महोत्सवमा राष्ट्रिय महिला भलिबल प्रतियोगिता, राष्ट्रिय तेक्वान्दो प्रतियोगिता, जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगिता, जिल्लास्तरीय कराँते प्रतियोगिता, जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता र १० किलोमिटर महिला पुरुष दौड प्रतियोगिता राखिएको छ । १० किलोमिटर महिला पुरुष दौड प्रतियोगिता शुक्रबार नै सम्पन्न भइसकेको छ भने जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता शुक्रबार सुरु भएको छ ।

उद्घाटन कार्यक्रममा मुख्यमन्त्री बानियाँका साथै मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, हेटौँडा उपमहानगरपालिकाको वडा नम्बर ११ की अध्यक्ष जुना दाहाललगायत जिल्लास्थित खेलकुद संघ, संस्थाका प्रमुखहरुको सहभागिता थियो ।

# निर्वाचनमा सहज वातावरण : पर्यवेक्षक

**समाज संवाददाता**

हेटौँडा : फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्यको निर्वाचन अघिल्ला निर्वाचनहरु भन्दा सहज वातावरणमा सम्पन्न भएको सरोकारवालाहरुले बताएका छन् । शुक्रबार हेटौँडामा आयोजित निर्वाचन पर्यवेक्षक संस्थाहरुका प्रतिनिधि, सञ्चारकर्मी तथा राष्ट्रिय मानवअधिकार आयोगबीच भएको निर्वाचन समीक्षा बैठकमा अघिल्ला निर्वाचनमा भन्दा अधिकांश उम्मेदवारहरुले कम खर्च र शान्त वातावरणमा निर्वाचन सम्पन्न गरेको उल्लेख गरिएको हो ।

बैठकमा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका प्रमुख चन्द्रकान्त चापागाईंले विद्यालयमा निर्वाचन नगराउन कतिपय क्षेत्रबाट सल्लाह सुझाव आएको भए पनि स्थान अभावले विद्यालयमै निर्वाचन सम्पन्न गर्न बाध्यता परेको बताउनुभयो । आगामी दिनमा यसको विकल्पको खोजी गरी व्यवस्थापन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले विद्यालयपछि स्वास्थ्य संस्थाहरुमा पनि केही निर्वाचन केन्द्रहरु तोकिएकोले झनै अव्यवस्थित देखिएको उल्लेख गर्नुभयो ।

कार्यक्रमका सहभागीहरुले अघिल्ला निर्वाचनमा भन्दा चुनाव खर्च कम गरेको, नागरिक सरकार भएका कारण दबाबरहित र भयरहित रुपमा निर्वाचन सम्पन्न भएको निष्कर्ष निकालेका छन् । यस्तै, सम्पन्न निर्वाचनमा मत बदर धेरै भएकोले मतदाता शिक्षामा कमी भएको र समानुपातिक उम्मेदवारलाई चुनावी प्रचारमा असहज वातावरण देखिएकोले अब आउने निर्वाचनमा सुधार गर्नुपर्ने सुझावसमेत दिइएको छ । कार्यक्रममा गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, मानव अधिकार संगठन मकवानपुर अध्यक्ष शर्मिला श्रेष्ठलगायत निर्वाचन पर्यवेक्षणमा सहभागी विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सञ्चारकर्मीहरुको सहभागिता थियो ।

बैठकले सुर्खेतकी इनिशा बिकको बलात्कारपश्चात हत्या भएको घटनाप्रति खेद व्यक्त गर्दै सो विषयमा मकवानपुरका विभिन्न निकायहरुमा ध्यानाकर्षण गराउने निर्णय पनि गरेको छ । समाजमा बलात्कारका घटना घट्नुको सट्टा बढ्दै गएको पाइएकोले अबको कार्यक्रममा महिलालक्षित भन्दा पनि पारिवारिकरुपमा वा किशोरहरुलाई नैतिक शिक्षाको आवश्यक देखिएको पनि सहभागीहरुले जनाएका छन् ।

# ओपीडीको समयमा एमआर भेटघाट बन्द

**समाज संवाददाता**

हेटौँडा : हेटौँडा अस्पतालले बहिरंग अर्थात ओपीडी सेवामा चिकित्सक व्यस्त रहेको समयमा एमआर (मेडिकल रिप्रजेन्टेटिभ) भेटघाट गर्न नपाइने निर्णय गरेको छ । शुक्रबार हेटौँडा अस्पतालले आफ्ना विभिन्न आन्तरिक समितिहरुसँग छलफल गर्दै हाललाई एमआर अर्थात् विभिन्न कम्पनीबाट उत्पादित औषधिको विवरण तथा विज्ञापन सोझै चिकित्सकसँग गर्ने व्यक्तिलाई ओपीडी सेवामा बिरामीसँग भेटघाट गरिरहेको अवस्थामा भेटघाट गर्न प्रतिबन्ध लगाउने निर्णय गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटाले जानकारी दिनुभयो ।

अस्पतालमा चिकित्सकले ओपीडीमा बिरामीलाई सेवा दिइरहेको समयमा अत्याधिक भिडभाड रहने, बिरामीको चाप बढी र समय कम हुने हुनाले यो समयमा एमआरहरुसँग भेटघाट नगर्न विभिन्न विभागमार्फत चिकित्सकहरुलाई सर्कुलर जारी गरेको डा. सापकोटाले जानकारी दिनुभयो । यसअघि चितवनको भरतपुर अस्पतालसहित देशका अन्य अस्पतालहरुले पनि ओपीडीको समयमा एमआर भेट्न प्रतिबन्ध लगाउँदै आएका छन् । हेटौँडा अस्पतालले भने पहिलोपटक यस्तो निर्णय गरेको हो ।

# कैलाश गाउँपालिकामा आधारभूत अस्पताल उद्घाटन

**समाज संवाददाता**

हेटौँडा : मकवानपुरको कैलाश गाउँपालिकामा कैलाश आधारभूत अस्पतालको उद्घाटन गरिएको छ । संघीय सरकारको ६ करोड ५८ लाख ९९ हजार १ सय ७६ रुपैयाँ बजेटमा आधारभूत अस्पताल तयार भएको हो । बुधबार एक कार्यक्रमका बीच बागमती प्रदेशका मूख्यमन्त्री इन्द्रबहादुर बानियाँले अस्पतालको उद्घाटन गर्नुभएको हो ।

आधारभूत अस्पताल उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले गाउँमा आज १० शैय्याको अस्पताल निर्माण भएको, गाउँपालिकाको भवन समेत बनेको, सिंहदरबारको अधिकार गाउँगाउँमा आएको अवस्थामा गाउँकै अस्पतालमा रगत, दिसा-पिसाब जाँच गर्ने, आँखा, हाडजोर्नी, उपचार गर्न कैलाशबासीहरुमा सहज बनेको बताए । लोकतन्त्र भ्रमको व्यवस्था नभएको भन्दै लोकतन्त्र सत्य र यथार्थको व्यवस्था भएको र जनतालाई सत्य र यर्थाथको बीचमा जनप्रतिनिधिहरुले आफ्नो कुरा गर्दै जनताको कुरा सुन्दै काम गर्नुपर्ने बताए । भौगोलिक विकटताले दुर्गम रहेको कैलाश गाउँपालिका विस्तारै सडक सञ्जाल विस्तार, शिक्षा र स्वास्थ्यमा सुधार, सेवा सुविधाले विस्तारै अघि बढिरहेको अवस्था रहेको उनले बताए ।

अस्पतालको भवन आशिष आशीर्वाद स्वामी नारायण जेभीले २०७८ जेठ २७ गते निर्माण सम्झौता गरेर २०८२ असारमा निर्माण सम्पन्न भएको थियो । अढाई तल्ले अस्पताल भवनमा १० शैय्या रहेको छ । अस्पतालमा २ जना चिकित्सकसहित २२ जनाको दरबन्दी रहेको छ । अस्पतालमा ५ जना स्टाफ नर्स, २ जना अनमी, ३ जना हेल्थ असिष्टेन्ट, २ जना अहेव, १ जना कविराज, १ जना ल्याव टेक्निसियन, १ जना रेडियोग्राफर, १ जना फार्मेसी सहायक, १ जना डेन्टल हाइजिनिक, १ जना नासु, २ जना कार्यालय सहयोगी, १ जना सरसफाइकर्मी र १ जना सुरक्षाकर्मी रहेका छन् । तर हालसम्म स्वास्थ्य चौकीको दरबन्दी मात्रै रहेको स्वास्थ्य शाखा प्रमुख तिलकप्रसाद गौतमले बताए ।

अस्पतालमा इमर्जेन्सी सेवासहित स्त्री स्वास्थ्य, बाल स्वास्थ्य, दन्त स्वास्थ्य, छाला स्वास्थ्य, आयुर्वेद, आँखाजाँच, प्रयोगशाला, भिडियो एक्स-रे, इसिजी लगायतका सेवा उपलब्ध हुने जनाइएको छ । अस्पताल स्थापना भएपछि कैलाश गाउँपालिकाको १० वटै वडा र राक्सिराङ गाउँपालिकाको वडा नम्बर ४ र ९ का बासिन्दा लाभान्वित हुने गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले जानकारी दिए । २१ हजार ८ सय ५६ जनसंख्या रहेको गाउँपालिका मकवानपुर सदरमुकाम हेटौंडाबाट ४५ किलोमिटर टाढा छ । जिल्लाकै दुर्गम पालिकामध्येको एक कैलाश गाउँपालिका स्वास्थ्य सुविधामा पछि परेको पालिका हो । यसका स्थानीय उपचारका लागि सदरमुकाम हेटौंडा र मनहरी बजार पुग्नुपर्ने बाध्यता रहेकोमा अब स्थानीयस्तर मै अस्पताल स्थापना भएपछि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि हुने उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले बताए ।

**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**

रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

**न्यू स्वर्ण भण्डार सुनचाँदी पसल**

**राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना**

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

**प्रो. ज्ञान रत्न बज्राचार्य**

**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**



# न्याय देऊ इनिसालाई



सुमन राय

सुर्खेतको त्यो जंगलमा गएर सोध त,
त्यो दिन हावा किन उकुस-मुकुस रोएको थियो ।

इनिसा, तिमीले त प्रेमको
न्यानो हात समाएकी थियौ नि, होइन र ?

तर तिमीलाई के थाहा,
मान्छेका औँला होइन, ब्वासोको नङ्ग्रा पो रहेछ ।

आफ्नै भनिएका मान्छे जसको आँखामा हेरेर
जिन्दगीको बाटो देखेकी थियौ,

त्यही मान्छेले अरु ती मोटा लिएर आउँदा,
मृत्युको अनुहार लिएर आउँदा वाचा गरिएका थिए ।

ती ओँठहरुले तिमीलाई पनि चिथोर्न खोज्दा,
तिम्रो कलिलो मुटु कति टुक्रा टुक्रा भयो होला है,
कति टुक्रा टुक्रा भयो होला, इनिसा ।

मायाको सिरक ओढाउने भन्नेले
जंगलको त्यो चिसो भुइँमा,




पछारेर तिम्रो शरीरभरि
घाउ नै घाउ बनाइदियो,
घाउको खेती थियो ।

ती चिथोरेका दागहरू,
पीडाले छतपठिएको त्यो सास ।

माटोमा लटपटिएको त्यो तातो रगत,
रगतले सहरको चोक-चोकमा उभिएर सोधिरहेको छ ।

के प्रेम गर्नु नै मृत्यु दण्डको सजाय थियो ?
एउटा प्रेमी जो रक्षक हुनु पर्ने थियो,

त्यही प्रेमी जब विक्षिप्त भयो,
त्यहीपछि समाजका छोरीहरूले कसको विश्वास गर्ने ?

इनिसाको अन्तिम चिचिआबाट र
जंगलका लाटा रुखहरूले मात्र सुने ।

ती रुखहरूले मात्र इनिसालाई श्रद्धाञ्जली दिए,
तराजुसम्म आउनै पर्छ ।
यदि कानुनले अडान लिन सक्छ भने,

न्यायको ठेकेदार तिमीहरू नै हौ ।
यदि आज तिम्रो आँखा खुल्दैन भने सम्झनु,

इनिसाको हत्या त्यो
सुर्खेतको जंगलमा मात्रै भएको छैन ।
हरेक दिन तिम्रो अदालतको दाउलोमा भैरहेको छ,
अनि हरेक दिन नयाँ नारी मरिरहेको छ ।

इनिसाको रगतले न्याय मागिरहेको छ,
इनिसाको घाउहरूले न्याय मागिरहेको छ ।

बिउँझ समाज, बिउँझ !
अब इनिसालाई न्याय देऊ !

*कक्षा-११ (विज्ञान संकाय), मकवानपुर बहुमुखी क्याम्पस हेटौंडा-२*

# "Why Am I Proud of My Newari Culture??"



Ashlesha Bajracharya

Culture is the most important thing in our life. There are many cultures in Nepal like; Newari, Tamang, Magar, Brahmin etc. I belong to the Newar family and follow Newari culture.

Newari culture people usually live in Kathmandu Valley. This culture has a unique lifestyle. Newari people follow many different festivals like; Yomari Purnima, Mha Puja, Sithi Naka, Gunla etc. The food of Newari culture such as Yomari, Choila, Sapu Mhicha, Chatamari, Samay Baji, Bahra are so delicious. The Newari calendar is a continuous cycle of Jatras and street festivals. As per our Newari tradition we females have to marry three times in our life. That is Bel Bibaha, It is done at the age of 7 which is done with Bel fruit! It represents immortal god Vishnu. Another one is called Gufa which is second marriage. It is done before first menstruation. It is done at the age of 10 to 12. At this time girls are kept in a dark room for 12 days without seeing sun, mirror, and father's or brother's face. It is done with the god Sun which is called Surya Darshan. The third marriage is with a man which is similar to other cultures and it is the final marriage of Newari girls.

Talking about its cultural dress, it has really unique traditional attire as women in this culture wear Haku Patasi and men wear Taplan(long shirt), Suruwal and Haku Tapli(black cap). Nypu Shikha, Tayo, Kantha, Makasi, Sikha, Kalli, Jantar, Tisa etc are the important jewelleries worn by Newari women. The best and divine thing about Newari culture is that there is a living Goddess called 'Kumari'. The Shakya dynasty that are Shakya and Bajracharya is selected as Kumari only if all things are matched. Kumari isn't allowed to get married. Additionally, she isn't allowed to touch the ground with her feet and show her emotions. She can't even go to school. Her personal teacher comes to teach her. She only comes out in Jatras.The smile or bemoan of Kumari is considered as a sign of danger in Nepal. According to this culture and the rules, one can be Kumari up to age of 11 0r 12 before they get their first menstruation.

There are so many historical things about Newari culture. It's fun and I'm proud to be a Newar. We can see Biska Jatra, Rato Machindranath Jatra, Bhoto Jatra, Gai Jatra, and Indra Jatra. It's really fun to see Jatras upto late at night. Dhime Dancer Lakhey Dance, Charya Nritya, Mahakali Mahalaxmi and kumari group dance etc. are the famous dances in Newari culture Rajumati, Ala Mahalaxmi and dhun, Yoman Song etc. are Newari national songs. Because of all these distinctive things I feel so proud to be born in a Newar Family. I have deep respect for my culture.

*Class-7, Navodaya Shishu Sadan, Hetauda-4*

## गाउँखाने कथा

**१. सुरिलो रुखमा धुरिलो पात, जन्ती आए खातैखात ।**
- केराको घारी

**२. हावा खाँदा टन्न हुने, मुख बाँधी छाड्दा माथि उड्ने ।**
- बेलुन

**३. ज्ञात अज्ञात सबै भन्छन्, देशलाई परे मरी मरी लाग्दछन् ।**
- शहिद

**४. वरिपरी पर्खाल माझमा रायो, रायो टिप्न जाँदा बाघले खायो ।**
- अगेनुको आगो

**५. हीरा होइन टल्कने, तेल होइन चिप्लने, पर्खाल होइन भित्र छेक्ने ।**
- ऐना

# श्रीमान् कि प्रेमी ?

कथा



बिनिता परियार

विवाहपछि महिलाले पराई पुरुषलाई हेर्नु हाम्रो समाजमा राम्रो मानिँदैन । आफ्नो कुरा नबुझ्ने श्रीमान्को श्रीमती भएर हाँस्न कसरी सकिन्छ र ? विवाहपछि म एउटा सम्बन्धमा बाँधिएकी छु । त्यो सम्बन्ध बचाउन म आफैँले आफूलाई पटक-पटक मृत्युको मुखमा पुऱ्याउनु परेको छ । श्रीमान्को माया नपाएको श्रीमतीलाई दुःख पनि नदिनु नि ? कस्तो छ यो समाज ? श्रीमान्को हरेक गल्तीहरु एउटा श्रीमतीलाई दोष दिन्छन् । उसको गल्ती अनि म अपराधी ठहरिएर अपराधको दण्ड सहनुपर्ने ।

सासु र ससुरा आफ्नो छोरा देवता हो भनी ठान्छन् । मैले गरेर उहाँहरुको छोरालाई गाह्रो भयो भन्छन्, छोडेर जाने बाटो छैन, बाआमाको इज्जतका लागि सबै सहनुपर्ने बाध्यता छ । म यस्ता कुराहरु सहँदा-सहँदा बिरामी भएँ तर मेरो वास्ता कसैलाई थिएन । सबै आफ्ना स्वार्थ खोज्छन् । श्रीमान्-श्रीमती भनी हक जमाउन आउँछ रातमा, अनि सासु-ससुरा बुहारीले गर्नुपर्छ सबै जिम्मेवारी भन्दै घरका जिम्मेवारीमा थुनिदिन्छन् । म पिँजडामा थुनेर राखेको चरी जस्तै भएकी छु । श्रीमान्को कुनै आश छैन ।

यस्तै कुराहरु सोच्दै थिएँ । कोठामा म टोलाएर ओछ्यानमा बसिरहेकी थिएँ, आँशुहरु खस्दै थिए, त्यत्तिकैमा कोठामा नोटिफिकेसन बज्यो । मैले हतार गर्दै श्रीमान्को म्यासेज आयो कि भनेर हेरेँ तर त्यही कोही नचिन्ने व्यक्तिले फ्रेन्ड रिक्वेस्ट पठाएको रहेछ । मैले केही नसोचेर एक्सेप्ट गरेछु । आमाले पल्लो कोठाबाट बोलाउनु भयो । आज चिया बनाउँदैन कि क्या हो, कता मरिछ ? भन्दै आमा रिसाउँदै कोठातिर आउनुभयो । म हतार-हतार कोठाबाट निस्किएँ । अब म बनाउँछु भन्दै भान्सामा गएँ । आमा आँखा तर्दै छिटो जा भन्नु भयो ।

चिया बनाएर आमालाई दिएँ, त्यसपछि फेरि आफ्नो कोठामा आएँ । फोन हेरेँ, म्यासेज आएको थियो । नचिनेको यो मान्छे को हो भनी एकछिन सोचेँ । मैले पाँच मिनेट अगाडि फेसबुकमा एड गरेको थिएँ, मैले अहिले भर्खरैको कुराहरु पनि बिर्सिन लागेको थिएँ । मैले त्यो म्यासेजको उत्तर दिएँ उहाँ मसँग चिनेको र देखेको जसरी बोल्नु भइरह्यो । पछि थाहा भयो उहाँ मेरै माइतीघर तिर कै मान्छे हुनुहुँदो रहेछ । उहाँले मलाई तिमी सञ्चै छौ ? भनेर सोध्नुभयो ? कसैले वास्ता नगरेको, म कसैले आफ्नै जसरी मेरो सञ्चो बिसञ्चो सोधेको देख्दा अचम्म परेँ । बाआमालाई आफ्नो दुःख कष्ट सुनाउने गरेको थिइन । उहाँको नाम विशाल रहेछ । हामी बिस्तारै-बिस्तारै साथी बन्यौ । उ आफ्नो दिनका कुराहरु गर्थ्यो । मैले पनि आफ्नो मनका पीडाहरु पोख्न थालेँ, लाग्यो कोही यस्तो व्यक्ति पाएँ जसले मेरा मनका कुराहरु बुझ्छ, मलाई बुझ्छ, म उसँग बोल्न उत्साहित हुन लागे ।

श्रीमान् आजसम्म मेरो इच्छा के छ भनेर कहिल्यै राम्रो मुखले सोधेको थिएन । तर विशालले सधैं तिम्रो ईच्छा के छ भनी सोध्थ्यो । म उहाँसँग मुस्कुराउँदै बोल्न लागेँ । श्रीमान्ले दिएको वेदना मैले बिर्सिन थालेँ, विशालसँग बोलेपछि । उहाँ निकै हँसाउनु हुन्थ्यो । यसरी नै उहाँसँग समय बिताउन थालेँ । मैले आफ्नो सबै कुरा उहाँलाई भन्न लागेँ । उहाँले नरम भावमा मलाई सम्झाउनु हुन्थ्यो । 'म छु नि' भनी राहत व्यक्त गर्नुहुन्थ्यो ।

एक दिनको कुरा, विशालले मलाई भेट्न बोलाउनु भएको थियो । मैले घरमा सोधेर भन्छु भनी उत्तर दिएँ । त्यो रात मैले श्रीमान्सँग कसरी भन्ने ? के भन्ने भनेर सोच्न लागेँ । रात पऱ्यो श्रीमान् पनि आउनुभयो, मैले चिसो पानी ल्याइदिएँ । उहाँले पिउनुभयो । उहाँ त्यो दिन खुशी हुनुहुन्थ्यो । अफिसमा उहाँले सम्मान स्वरुप प्रमाणपत्र पाउनुभएको थियो । मलाई त्यही बेला साथी भेट्न जाम भनेर भनुम जस्तो लागेको थियो तर उहाँ रिसाउनु हुन्छ कि भन्ने डर पनि थियो ।

विशाललाई निराश बनाउन चाहेको थिइन । एक कदम धेरै आँट गरेर श्रीमान्लाई सोधे, 'मलाई कस्तो साथीलाई भेट्न मन थियो यदि तपाईले भन्नुहुन्छ भने म भोलि भेटेर आउँछु भनेँ । उहाँ एक्कासी रिसाउनुभयो । आँखा रातो बनाउँदै मलाई रिसले हेर्न लाग्नु भयो । त्यसपछि सिधै पिट्न लाग्नुभयो । केही समयपछि उहाँ कोठा बाहिर जानुभयो । म रुँदै त्यहाँ बसेँ । तर मलाई विशालसँग भेट्नु थियो ।

बिहानको दिन श्रीमान् अफिस जानु भएपछि म कसैलाई नसोधी विशाललाई भेट्ने तयारी गरेँ र लुकेर भेट्न पनि गएँ । किनकी विशाललाई दुःखी गराउन मन थिएन । विशालले भनेको ठाउँमा म गएँ । विशाल कालो सिटमा त्यहाँ उभिरहनु भएको थियो । म उहाँको नजिक गएँ, उहाँले मलाई मुस्कुराउँदै आउ चिया खाँदै गफ गरुम् भन्नुभयो । त्यसपछि एउटा बेञ्चमा बसेर चिया खाँदै गफ गर्न लाग्यौं । हामीले लामो समयसम्म गफ गऱ्यौं । उहाँ धेरै राम्रो हुनुहुन्थ्यो । उहाँको बोल्ने स्वभाव निकै राम्रो थियो, निकै बेर पछि हामी घर जाने भनेर हिंड्यौं र जाँदै गर्दा बाटोमा घटना घट्यो । श्रीमान्ले म विशालसँग हिंडेको देख्नुभयो । म निकै डराएँ ।

श्रीमान्ले मलाई त्यही पिटुँलाझैं गर्नुभयो । यो तेरो को हो ? भनी प्रश्न गर्न लाग्नुभयो । मैले डराउँदै साथी भनिदिएँ । श्रीमानले् म माथि गरेको दुर्व्यवहार देखेर विशाल निकै रिसाउनु भएको थियो । जब श्रीमान्ले हात उठाउन लाग्नुभयो तब विशालले हात रोकिदिनुभयो । उहाँहरुको झगडा हुन लाग्यो त्यसपछि विशालले म उनीलाई माया गर्छु अबदेखि उनी मैसँग बस्छे जस्तो कुरा गर्न लाग्नुभयो । त्यसपछि श्रीमान् झन् धेरै रिसमा त घर हिंड् भन्न लाग्नुभयो । मलाई जान मन थिएन । किनकी थाहा थियो मैले पिटाई खान्छु । तर बाआमाको इज्जत पनि छ । भोलि समाजमा श्रीमान्लाई छोडेर पराई पुरुषसँग भागेको भनेर के-के पो कुरा बनाउँछन् । विशाल हिंड म लग्छु तिमी चिन्ता नलिऊ भन्दै हुनुहुन्थ्यो भने यस विवाहको सम्बन्धले श्रीमान्लाई छोड्न सकिरहेको छैन ।

प्रेमी कि श्रीमान् रोज्ने मैले पत्तै पाइन । म समस्यामा थिएँ, जस्तो व्यवहार गरेपछि ऊ मेरो श्रीमान् हो । यस्ता भर्खरै भेटेको प्रेमी थियो । म अक्क-न-बक्कको भएँ । आफूलाई त्यही विचारहरुले सताउन लाग्यो । म मौन भएँ, केही बोल्ने अवस्थामा थिइन । श्रीमान्ले त्यहीसँग जा भनेर छोडिदिनुभयो । विशालसँग जाने आँट थिएन । म उहाँलाई नजाने भनेर म माइत तर्फ गएँ । बिवाहपछिको मेरो प्रेम अधुरो थियो ।

*कक्षा-१२, प्रगति मावि, हेटौंडा-९*

# मानिसको जीवन



रिदम तिमिल्सिना

जन्म लियौं यहि धर्तीमा
साना शिशु बनी ।
राम्रो काम मात्रै गरौं
सिकौं राम्रा बानी ॥

रित्तै आयौं रित्तै जाने
यहि हो जीवनचक्र
राम्रो काम गरौं यस्तो
लागोस् सबैलाई फिक्री ॥

दुई पलको जीवनमा
गरौं राम्रा काम
राम्रा काम गरेर नै
बनाउ नाम, दाम ॥

जीवन यो दुई दिनको
सक्की जाने चोला
सबै मिली बस्न पाउ
कस्तो हुन्थ्यो होला ॥

*कक्षा-५, ब्रह्मदिक् एकेडेमी हेटौंडा-४*

# दुर्घटना



श्यामप्रसाद श्रेष्ठ

लघुकथा

सहरको अति व्यस्त सडकमा सवारी साधनहरू बेफिक्री दौडिरहेका थिए । अचानक एक अधबैंसे मानिस सडक पार गर्न खोज्दा कारले एकाएक ब्रेक लगायो । मानिस घोप्टो परेर गाडी अगाडि लडे । क्षणभरमै सडक जाम भयो । भीड बाक्लिँदै गयो, आवाजहरू चर्किँदै गए ।

भीड भित्रबाट कसैले करायो, 'गाडीमै बसिरहेर के हेरेको ? घाइतेलाई तुरुन्त अस्पताल लैजाऊ !'

ड्राइभर गाडीबाट ओर्लिएर असहमति जनाउँदै भने, 'हजुर, मेरो कुनै गल्ती छैन ।'

'गल्ती-बेगल्तीको कुरा पछि गरौंला', अर्को स्वर आयो ।

'मानिस बाँच्नु पहिलो कुरा हो । खुरुक्क निजी अस्पताल लैजाऊ !'

भीडको दबाबले ट्याक्सी बोलाएर उनले घाइतेलाई निजी अस्पतालको इमर्जेन्सीमा पुऱ्याए ।

अस्पतालले भन्यो, 'तुरुन्तै तीस हजार रुपैयाँ जम्मा गर्नुस् ।'

उसले तुरुन्तै पैसा जम्म गरे ।

घाइतेको छातीको एक्स-रे, टाउकोको सिटी स्क्यान, सबैको रिपोर्ट आइसकेको थियो ।

अन्ततः कोठाबाट निस्कँदै डाक्टरले हलुका मुस्कानसहित भन्यो, 'ल, खुसीको कुरा । रिपोर्ट राम्रो आयो । उहाँलाई गाडीले कुनै असर गरेको रहेनछ । हावाले हानेर होस उडेको मात्र रहेछ । अब काउन्टरमा बिल भुक्तानी गरेर आफ्नो मान्छे लैजानुहोस् ।'

उसले काउन्टरमा पुगेर डराउँदै सोध्यो, 'सर, बिल कति भयो होला ?'

काउन्टरको कर्मचारीले बिल काट्दै भने, 'आत्तिनु पर्दैन । धेरै भएको छैन, जम्मा सत्तरी हजार मात्रै ।'

उसले पैसा गन्दै भन्यो, 'दुर्घटना त सडकमा होइन, असली दुर्घटना त भर्खर अस्पतालभित्र भयो ।

# गीत



✍नवशिला

तिमी नै हौ मेरो खुसी तिमी नै हौ जीवन
तिमी छाडी अन्त कतै जाँदैन है यो मन
झिक्कै झिक्कै मुया तिमीलाई
राख्छु सधैँ सजाएर,
दिलको दायाँबायाँ तिमीलाई ।

तिमीलाई बनाउँछु म मेरो जीवन साथी
सिन्दुर हाली लैजान्छु खाली सिउँदो माथि
बनेपछि मेरी प्रिय मेरी दुलही रानी
राख्छु तिमीलाई न्यानो अँगालोमा बानी
झिक्कै झिक्कै मुया तिमीलाई
राख्छु सधैँ सजाएर,
दिलको दायाँबायाँ तिमीलाई ।

श्रम गरी एउटा सुन्दर घर बनाउँला
प्रेम मिसाई भित्ताभरि रङ्ग लगाउला
जिन्दगीका सारा खुसी त्यही मिसाउँला
पिरतीको भारी हामी त्यही बिसाउँला
झिक्कै झिक्कै मुया तिमीलाई
राख्छु सधैँ सजाएर,
दिलको दायाँबायाँ तिमीलाई ।

*बेलबारी-२, नवदेव मार्ग, लालभित्ती, मोरङ*

# राष्ट्रिय संकल्प



✍जनार्दन खनाल

खुलेनन् कुनै उद्योग नयाँ, पुराना थन्किए
युवा युवती बाध्यतावस विदेश निस्किए
विविध खाका कोरिँदै थियो समृद्धि तर्फको
विभिन्न खाले विकृति जति राज्यमै जोडियो ॥

सकेन दिन खै सुशासन व्यथिती चुलिए
बिरोध गर्दै विद्यार्थी वर्ग सडक निस्किए
सकेन थेग्न राज्यले जब यी बालबालिका तर्फमा
कठै ! कठोर बन्दै वर्षायो गोलीका ॥

आगोमा घिउ थपिए सरी जनता उल्टिए
अमूल्य निधी आवास निजी सम्पूर्ण पोलिए
रहेन सत्ता संसद भङ्ग चुनावी सरकार
गठन भयो प्रधानमन्त्री साहसी नीडर ॥

सबैमा हुन्छ प्रमुख तत्व सुगुण दुर्गुण
श्री शिक्षा स्वास्थ्य भौतिक तर्फ भएका निर्माण
सम्पन्नशाली ती अन्य राष्ट्रसँगको तुलना
गरेर हुन्न राष्ट्रको हाम्रो खै स्रोत साधन ?

भो शान्तिपूर्ण चुनाव पनि रास्वपा अगाडि
पुराना दल खै किन कुन्नि पारिए पछाडि
सबैमा ठूलो यी दल बन्यो यसैको शासन
सुकार्य गर्दै मुहार फेरोस् नेपाल देशको ॥

उदीयमान रास्वपा दल यो दुई तिहाई
मतले ठूलो यो दल बन्यो भएको विजयी
पुराना मै हुँ यी दल निम्ति गतिलो सवक
सबैको निम्ति आश्चर्यमय उत्साहजनक ॥

यो भन्दा अघि जे-जति बन्यो अस्थिर सरकार
अहिले बल्ल राष्ट्रले पायो एकल सरकार
जसका निम्ति सहिद भए तिनका पुकार
नर्बिसिदिनु सांसदज्यू हो ! गरे है ! विचार ॥

सबैको साथ लिएर अघि बढ्नुको विकल्प
समृद्धि, शान्ति यो मूलमन्त्र राष्ट्रिय संकल्प
शिरमा देश राखेर हाम्रो जिल्लाको उचाई
प्रकाश अनि प्रशान्तज्यूमा मेरो छ बधाई ॥

*बकैया-४, छतिवन, ९८४५२८७१०४*

# भोलि त जीवन...



✍प्रवेश गौतम

भोलि त माया पनि मर्दै जान्छ
भोलि त शरीर चाउरी पर्दै जान्छ

भोलि त खोला पनि सुक्दै(सुक्दै जान्छ
भोलि त जीवनको घाम पनि डुब्दै जान्छ

भोलि त रूखका पातहरू हावासँगै झर्दै जान्छन्
भोलि त देखेका सपना र आशाहरू पनि मर्दै जान्छन्

भोलि त तिम्रा सपना तिम्रा सन्तानले बोकेर हिँड्छन्
भोलि त यही संसारले तिमीलाई दागबत्ती दिन्छ

भोलि त रोगले शरीरलाई बिस्तारै ढाल्दै लान्छ
भोलि त आगोका लप्काले यो देहलाई बाल्दै लान्छ

भोलि त मेरा आँखाले मृत्युको गीत गाउँदै जान्छन्
भोलि त मेरो साटोमा अरू नै कोही आउँदै जान्छन्

भोलि त विशाल किल्लाहरू पनि ढल्दै(ढल्दै जान्छन्
भोलि त यो कठोर हड्डी पनि धुलोसँगै गल्दै जान्छन्

भोलि त अरू कसैले तिमीलाई हात समाएर लैजान्छ
भोलि त तिम्रा छोराछोरीले समयसँगै बिर्सँदै जान्छन्

भोलि त आँखाका दुई परेला सधैँका लागि बन्द हुँदै जान्छन्
भोलि त यी हातहरूले शब्द लेख्न छोड्दै जान्छन्

भोलि त तिम्रा सपना पनि बिस्तारै मर्दै जान्छन्
भोलि त तिम्रा ती केशहरू पनि एक(एक झर्दै जान्छन्

भोलि भनेको
समयको कठोर सत्य हो
आज जिउँदै रहेको
सबै कुरा
भोलि स्मृतिमा
मात्र रहन्छ

*कक्षा-११, हेटौँडा स्कुल अफ म्यानेजमेन्ट*

# मेरो देश



✍विशाल लामा

नेपाल मेरो देश सबैको भूमि हो
फरक फरक जातजाति छन् चन्द्रमा छुने भो
देश मेरो नेपाल अग्लो अग्लो हिमाल
धेरै राम्रो सुन्दर यो हाम्रो नेपाल ।

देशको रक्षा गर्न रगत पनि बगाए
नेपाल भनेर चिन्नलाई झण्डा पनि फहराए ।
पूर्व-पश्चिम मेची र महाकाली
देशलाई हामी चन्छौं हामी नेपाली ।

हिमाल, पहाड, तराई छ सगरमाथा शीर
कसै सामु झुक्नुहुन्न नेपाली हो वीर ।
हिमाल, पहाड, तराई नदि नाला पाखा
हरियाली वन जंगल कोइली छ भाका ।

धर्म र जाति मिलेको आआफ्नो भाषा
चीन र भारत बीचमा हाम्रो नेपाल देश ।
हाम्रो नेपाल बनेको हिमाल पहाड तराई
देशमा हामी बस्नु छ उन्नति प्रगति फलाई ।

*कक्षा-६, कमला आधारभूत विद्यालय, हेटौँडा-१८*

# म र मेरो साइकल



✍निश्चल अधिकारी

बिहान घाम झुल्किनु अघि
मेरो आँगनमा एउटा साथी तयार हुन्छ-
मेरो साइकल ।
ऊ बोल्दैन, केही माग्दैन,
तर मसँग सधैँ यात्रामा निस्कन चाहन्छ ।
म पैडलमा खुट्टा राख्छु,
र बाटो विस्तारै खुल्दै जान्छ ।
हावाले गाला छोएर भन्छ जस्तो लाग्छ -
“हिँड, अझै धेरै बाटो बाँकी छ ।”
कहिले उकालो आउँछ,
जहाँ सास छिटो हुन्छ,
खुट्टा थाक्छ,
तर मन भने हार मान्न मान्दैन ।
कहिले ओरालो आउँछ,
जहाँ हावा झन् चिसो लाग्छ ,
र साइकल आफैं मुस्कुराउँदै
अगाडि बढिरहेको जस्तो देखिन्छ ।
गाउँका बाटा,
सहरका गल्ली,
नदी किनारका शान्त सडक-
सबैसँग हाम्रो सानो चिनजान छ ।
कहिलेकाहीँ म चुपचाप पैडल घुमाउँछु,
र मनभित्रका धेरै कुरा
यही बाटोमै छोडेर जान्छु ।
दिन ढल्दै जाँदा
म फेरि घर फर्किन्छु ।
मेरो साइकल त्यहीँ उभिन्छ-
थाकेको जस्तो, तर खुसी ।
किनकि आज पनि
म र मेरो साइकलले
एउटा नयाँ दिन,
एउटा नयाँ कथा
सँगै लेखेका हुन्छौं ।

*बिए पत्रकारिता*
*मकवानपुर बहुमुखि क्याम्पस*
*हेटौँडा-२*

# मेरो देश



✍आरध्या अधिकारी

सुन्दरताले भरिपूर्ण देश मेरो नेपाल हो नाउँ
हरियाली वातावरणले लोभ्याउने ठाउँ ।
जति हेरुँ त्यत्ति हेरौं, अघाउँदैनन् आँखा
हरियाली शान्त अनि सुन्दर वन-पाखा ।

वीर गोर्खालीको ठाउँ भनी चिनिने यो देश
फरक-फरक जातजाति, फरक-फरक भेष ।
सबैतिर रंगीचंगी फूलहरु फुलेका
धेरै जात भए पनि कति मिलेका ।

गौतम बुद्ध जन्मे यहीँ, माता सीता पनि
संसारको सबैभन्दा महान् व्यक्ति बनी ।
सर्वोच्च शिखर सगरमाथा रहेको छ यहाँ
पासाङ ल्हामु, तेन्जिङले पहिलो पाइला टेके यहाँ ।

चार वर्ण छत्तिस जातको फूलबारीको भेष
गर्व लाग्छ प्यारो लाग्छ सुन्दर नेपाल देश ।
मेचीदेखि महाकाली सिमानाहो हाम्रो
हाम्रो कला संस्कृति संसारमै राम्रो ।

*कक्षा-७, कमला आधारभूत विद्यालय, हेटौँडा-१८*

# सात्ताको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष राशि** : आध्यात्मिक भावनाको जागृत बढ्न सक्छ । सांसारिक दौडधूपप्रति वितृष्णा बढ्न सक्छ । भौतिक सुख–सुविधा, कलात्मक चिजबीचमा आकर्षण बढ्न सक्ने छ । खानपानमा ध्यान दिनुपर्ला । कारोबारमा प्रगति होला । भाग्यले साथ दिनेछ । व्यापार–व्यवसाय मध्यमकारक मान्नुपर्दछ । लेखाइ–पढाइ मध्यम छ । मन हलुका र चंगा होला । परीक्षामा सफलता प्राप्त होला ।

**वृष राशि** : ऋणभार र खर्चवृद्धिले तनाबमा पार्न सक्छ । बिपरीत परिस्थितिलाई जितेर अगाडि बढ्ने समय छ । व्यापार–व्यवसाय ठिकै देखिन्छ । कार्यक्षेत्रमा गोपनियता राख्नुपर्ला । परिवारका सदस्यसँग ठास्सठुस्स र मतभेद बढ्ला । यात्रा र भेटघाट हुने समय छ । सामाजिक एवम् धार्मिक क्षेत्रमा मन जाला । पढाइ–लेखाइ मध्यमकारक नै छ ।

**मिथुन राशि** : रोमाञ्चकता र उत्कण्ठाले भरिपूर्ण समय छ । मनमा जिज्ञासा उत्पन्न होला । स्वास्थ्य र शरीरको अवस्थालाई बुझ्दा राम्रो । भौतिक सुख–सुविधा खरिद गर्दा राम्रो रहनेछ । पारिवारीक भ्रमणमा निस्किनुपर्ने समय योग छ । कल्पना र भावुकतामा धेरै समय बित्न सक्छ ।

**कर्कट राशि** : सहयोगीहरु प्रतिस्पर्धामा उत्रन सक्छन् । चुनौती चिर्दै अगाडि बढ्ने समय छ । अतिरिक्त क्रियाकलाप प्रदर्शन गर्न अनुकूल समय छ । कलह र बिवादबाट बँच्दा राम्रो रहनेछ । आध्यात्मिक र दार्शनिक क्षेत्रका काममा मन जाने समय योग देखिन्छ । थोरै बोल्ने र मीठो बोल्ने प्रयास गर्दा राम्रो । अध्ययन–अध्यापनको क्षेत्र ठिकै रहनेछ ।

**सिंह राशि** : प्रेमजीवनलाई सार्थक बनाउने सयम योग छ । गोपनीय ढंगले गरेका काममा सफलता प्राप्त होला । पढाइ–लेखाइमा प्रगति हुनेछ । गुरुजनको विशेष सहयोग प्राप्त होला । प्रतिष्ठित काम गर्ने समय छ । पारिवारीक मेलले खुशी र आनन्द प्राप्त होला । हाँके/ताकेका कामहरु बन्नेछन् । सामाजिक काममा मन जाने समय योग छ ।

**कन्या राशि** : कार्यक्षेत्र र पारिवारीक समस्यालाई सन्तुलनमा राखिने समय छ । वैदेशिक प्रयोजनको कामको लागि प्रयास गर्न अनुकूल समय छ । कारोबारमा बाधा व्यवधान आउला । प्रशासनिक कामकाजमा नैराश्यता प्राप्त होला । सामाजिक र आध्यात्मिक काममा मन जाने छ । पठनपाठनको क्षेत्र भन्दा मनोरञ्जनका क्षेत्रमा मन जाने समय योग देखिन्छ ।

**तुला राशि** : अरुको कामका लागि समय व्यतित होला । नेटवर्किङ्ग विस्तारका लागि उपयोगी समय छ । घरायसी समस्या र कार्यक्षेत्रमा चाप बढ्ने समय छ । पराक्रम र उत्साहमा वृद्धि हुने छ । सामाजिक र धार्मिक क्षेत्रमा मन जाने समय योग देखिन्छ । नियमित काममा बाधा पुग्न सक्छ । आत्मीयसँग भेटघाट होला । लेखाइ–पढाइ ठिकै छ ।

**वृश्चिक राशि** : अचानक मित्रसँग भेटघाट हुनेछ । व्यापार र कारोबारमा मध्यम रहला । नयाँ बिचार र योजनाहरु प्रकट हुनेछन् । बोली र व्यवहारले आकर्षित गर्न सक्छ । इष्टमित्रसँग भेटघाट होला । घुमघामका लागि समय व्यतित होला । धार्मिक एवम् सामाजिक काममा मन जाने छ । लेखाइ–पढाइ मध्यमकारक रहने समय योग छ ।

**धनु राशि** : रिस र आवेगलाई रोक्दा राम्रो । बिछोडिएका मित्रसँग भेटघाट हुने समय छ । प्रतिष्ठामा वृद्धि हुने छ । नयाँ आयाम थपिएला । उत्साह र शरीरमा फूर्ति होला । धार्मिक एवम् सामाजिक काममा मन जाने छ । विश्वासपत्र बन्न सकिने समय योग छ । जिद्धी र हठ त्याग गर्दा राम्रो रहने छ । अध्ययन–अध्यापनका कामबाट लाभ प्राप्त होला ।

**मकर राशि** : धनको सुरक्षामा ध्यान दिनु पर्ला । सामान हराउन सक्ने योग पनि छ । परोपकारका क्षेत्रमा काम गर्न मन लाग्ला । रोकिएका कामहरु पूर्ण हुने समय योग छ । मन अशान्त बन्न सक्ने छ । खर्चको मात्रामा अचानक वृद्धि होला । व्यापार–व्यवसाय मध्यमकारक छ । कर्तव्य र जिम्मेवारीप्रति सचेत रहँदा राम्रो । पढाइ–लेखाइ ठिकै छ ।

**कुम्भ राशि** : मानसम्मान र प्रतिष्ठा प्राप्त हुनेछ । व्यापार तथा साँझेदारी कामबाट लाभ प्राप्त होला । नराम्रो ठान्ने र आलोचना गर्नेको मन गिर्ने छ । कामको उच्च मूल्यांकन होला । प्रेमीप्रेमीकाको पुनर्मिलन होला । साथीसंगीसंग रमाइलोमा समय बित्ला । परोपकारजन्य काममा समय बित्ला । लेखाइ–पढाइ ठिकै रहने समय योग छ ।

**मीन राशि**: व्यक्तिगत प्रतिष्ठा र वर्चस्व स्थापना गर्न सकिने समय छ । राजनीति र समाजसेवामा मन जाला । वाणीजन्य कर्मबाट लाभ प्राप्त हुने समय योग छ । पुरस्कार र बढुवा पाउन सकिने समय छ । सानातिना कुरामा बैचारिक मतभेद प्राप्त होला । निर्णयमा दोधारेपन नराख्दा राम्रो रहने छ । पढाइ–लेखाइका क्षेत्रहरु सफल छन् ।

**वास्तु किन चाहिन्छ ?**

**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**




❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

**निशूल्क परामर्श**
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

# प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा मकवानपुरको दोस्रो जित


मकवानपुरका शुभ कंसाकारलाई म्यान अफ द म्याचको ट्रफी प्रदान गरिँदै ।

समाज संवाददाता

हेटौंडा : काठमाडौंमा जारी प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताअन्तर्गत बागमती प्रदेशस्तरीय छनोट खेलमा मकवानपुरले लगातार दोस्रो जित दर्ता गरेको छ । बिहिबार नुवाकोटलाई २ सय ७९ रनको विशाल अन्तरले पराजित गरेको मकवानपुरले शुक्रबार त्रिभुवन विश्वविद्यालयको टिमलाई ९ विकेटले सहजै जितेको छ ।

टस जितेर पहिले व्याटिङ गरेको त्रिभुवन विश्वविद्यालयको टिमले कमजोर व्याटिङ गर्दै ३५ ओभर ३ बलमा सबै विकेट गुमाएर १ सय ३६ रन मात्रै बनाएको थियो । त्रिभुवन विश्वविद्यालयका लागि सुरज तिरुवाले अविजित रहँदै ९६ रनको योगदान गरे पनि अन्य खेलाडीले राम्रो खेल्न सकेनन् । त्रिभुवन विश्वविद्यालयको टिमलाई कडा चुनौति दिँदै मकवानपुरका शुभ कंसाकार र मोहम्मद अहमद राजाले ३-३ विकेट लिए भने साकार गजुरेलले २ विकेट लिए ।

झिनो लक्ष्यसहित जवाफी व्याटिङ गरेको मकवानपुरले १४ दशमलव ५ ओभरमा एक विकेटको क्षतिमा १३८ रन बनाउँदै सहज जित दर्ता गऱ्यो । मकवानपुरका लागि अविजित रहँदै युविन बुढाथोकीले ४९ र कप्तान सुमन सुनारले ३६ रन बनाए । शुभ कंसाकार ३४ रन बनाएका थिए । म्यान अफ द म्याच कंसाकार नै घोषित भए । पहिलो २ खेलमा हार व्यहोरेको मकवानपुरले पछिल्लो २ खेल जित्दै ४ अंक जोड्न सफल भएको छ । शुक्रबारको जितसँगै मकवानपुर तालिकाको तेस्रो स्थानमा उक्लिएको छ । शुक्रबारको जितपछि मकवानपुर शीर्ष २ मा रहँदै मकवानपुरले फाइनल खेल्ने सम्भावना कामय राखेको छ ।

शुक्रबार नै भएका अन्य दुई खेलमा ललितपुर र काठमाडौंले जीत निकालेको छ । ललितपुरले नुवाकोटलाई ६ विकेटले हराउँदा काठमाडौंले चितवनलाई ५ विकेटले पराजित गरेको छ । टस जितेर पहिले व्याटिङ गरेको नुवाकोटले ४९ ओभर ३ बलमा सबै विकेट गुमाएर २ सय ५ रन बनाएको थियो । नुवाकोटका लागि मन्जीत थपलियाले ६४ रन जोड्दा अनुभव खनालले २७ रनको योगदान गरे । ललितपुरका सूर्य तामाङले नुवाकोटको ४ विकेट लिए । जवाफी व्याटिङमा उत्रिएको ललितपुरले २३ ओभर १ बलमा लक्ष्य भेट्टायो । ललितपुरका लागि आशुतोष घिरैया ४१ बलमा १३ चौका १ छक्कासहित ६९ रन जोड्दै अविजित रहे । यस्तै आदिल खानले पनि ४४ बलमा ३ चौका, ३ छक्काको मद्दतमा ५६ रन जोड्दै अविजित रहे ।

शुक्रबार नै भएको अर्को खेलमा टस जितेर चितवनले पहिले व्याटिङ गर्दै २ सय २५ रन जाड्यो । ४६ ओभर २ बल खेल्ने क्रममा अलआउट भएको चितवनका लागि प्रशान्त महतले ७८ रन, पवन थापाले ४७ रन जोडे । काठमाडौंका प्रतिश जिसी र दयानन्द मण्डलले ३/३ विकेट लिए । जवाफी व्याटिङमा उत्रिएको काठमाडौंले ३६ ओभर २ बलमा ५ विकेट गुमाएर लक्ष्य भेट्टायो । काठमाडौंका लागि रित गौतमले ३८ बलमा ६३ रन जोडे । रितले १२ चौका र १ छक्का प्रहार गरे । काठमाडौंका लागि सम्राट साहले ५३ रन, उत्तम थापा मगरले ३९ रन र सोनु देवकोटाले ३५ रनको योगदान गरे । समान ४ खेल जितेको ललितपुर र काठमाडौं दुबैले जित निकाल्दै तालिकाको शीर्ष २ मा रहेको छ । ललितपुर नेट रनरेटका आधारमा शीर्षस्थानमा छ भने काठमाडौं दोस्रो स्थानमा छ । आज शनिबार काठमाडौले ललितपुरको सामना गर्दा नुवाकोटले भक्तपुरको सामना गर्नेछ ।

# दुर्घटनामा घाइतेको उपचारको क्रममा मृत्यु

समाज संवाददाता

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-८, सिमपानीमा अटो ब्रेक फेल भई नालामा कोल्टे पर्दा घाइते भएका एक वृद्धको उपचारको क्रममा मृत्यु भएको छ । गत शुक्रबार बिहान १० बजेर ३० मिनेटको समयमा ढकालटोल भित्री सडकबाट राजमार्गतर्फ आउँदै गरेको ना २ ह ३२४७ नम्बरको अटो ब्रेक फेल भई नालामा कोल्टे पर्दा दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दुर्घटनामा अटोमा सवार सोही स्थानका ६५ वर्षीय रेशम उप्रेती गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि चितवनस्थित पुरानो मेडिकल कलेज लगिएको थियो । उपचारका क्रममा बिहीबार बिहान ८ बजेर ३५ मिनेटको समयमा चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । अटो चालक मनहरी-८, सिमपानीका ४१ वर्षीय राजकुमार ढकाललाई प्रहरीले नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय मनहरीमा राखेको छ भने घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## नेवारपानीमा दुर्घटना

# ट्रेलर चालकको मृत्यु

समाज संवाददाता

हेटौंडा : पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा-१९, नेवारपानीमा ट्रेलर र ट्रक ठोक्किएर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । शुक्रबार बिहान ६ बजेर १० मिनेटको समयमा हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको ना ४ ख ९९२३ नम्बरको ट्रेलर र चितवनबाट वीरगञ्जतर्फ जाँदै गरेको बा प्र ०३-००१ ख ०३९८ नम्बरको खाली ट्रक एकआपसमा ठोक्किँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

दुर्घटनामा ट्रेलर चालक सर्लाही जिल्लाको बरहथवा नगरपालिका-१५, पिपराभिट्टा घर भई हाल पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका-२, छपकैया बस्दै आएका ३८ वर्षीय गोबिन्द चौधरी स्टेरिङमा च्यापिएको अवस्थामा फेला परेका थिए । उनलाई उपचारका लागि हेटौंडास्थित चुरेहिल अस्पताल लगिएकोमा अस्पतालले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । ट्रक चालक चितवनको खैरेनी नगरपालिका-९ बस्ने करिब ४२ वर्षीय धनेश्वर चौधरी सकुशल रहेका छन् । उनलाई प्रहरीले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय नेवारपानीमा राखेको जनाएको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# संस्थापक शिक्षकको शोकमा आधुनिकमा विदा

समाज संवाददाता

हेटौंडा : हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयकी संस्थापक शिक्षकको निधनको शोकमा शुक्रबार विद्यालयमा विदा दिइएको छ । विद्यालयको स्थापनाकालदेखि अध्यापन गर्नुभएकी शोभा जोशी आधुनिकबाटै सेवानिवृत्त हुनुभएको थियो ।

७३ वर्षको उमेरमा निधन भएको १३औं दिनको पूण्यतिथिमा शुक्रबार शोकसभाको आयोजना गरेर एक दिन विद्यालयमा शोक विदा दिइएको विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईले जानकारी दिनुभयो । २०२४ सालमा स्थापना भएको विद्यालयमा नियुक्त भई २०३७ सालमा स्थायी हुनुभएकी जोशीले २०६८ सालमा अनिवार्य अवकाश प्राप्त गर्नुभएको थियो ।

# ३० भन्दा बढी जनप्रतिनिधिको पद रिक्त

काठमाडौं : स्थानीय तह र प्रदेशमा ३० भन्दा बढी जनप्रतिनिधिको पद रिक्त भएको छ । प्रतिनिधिसभा सदस्यको चुनाव लड्न स्थानीय तह र प्रदेश सभा सदस्यको पद छाडेकाहरूको ठाउँ रिक्त भएको हो । ती रिक्त भएका पदहरूमा उपनिर्वाचन हुन्छ या हुँदैन भन्ने निक्र्योल छैन । स्थानीय तह निर्वाचन ऐनको दफा ३ को उपदफा २ मा एक वर्षभन्दा बढी पदावधि बाँकी रहँदै पद रिक्त भएको अवस्थामा कार्यकारी पदहरूको उपनिर्वाचन गर्न सकिने व्यवस्था छ ।

स्थानीय तहको निर्वाचन २०७९ साल वैशाखमा भएको थियो । २०७९ साल मंसिरमा प्रदेश सभा सदस्यको निर्वाचन भएको थियो । यसआधारमा स्थानीय तह र प्रदेश सभा दुवैको कार्यकाल एक वर्षभन्दा बढी छ । निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरे उपनिर्वाचनबारे निर्वाचन आयोग र सरकारले निर्णय गर्ने बताउँछन् । 'निर्वाचन आयोग र सरकारको सल्लाह बमोजिम उपनिर्वाचनबारे निर्णय हुन्छ,' उनी भन्छन्, 'निर्वाचन गर्ने हुँदा आगामी चैत महिनाभित्र मिति घोषणा गरियो भने सहज हुन्छ । तर, छोटो अवधि बाँकी भएकाले के हुन्छ यसै भन्न सकिन्न ।'

काठमाडौं महानगरपालिकाको प्रमुख पद नै रिक्त छ । महानगर प्रमुख बालेन्द्र शाह (बालेन) प्रतिनिधिसभा सदस्यको निर्वाचन लड्न गएपछि रिक्त भएको हो । सुनसरीको धरान उपमहानगरपालिको प्रमुख, चितवनको भरतपुर महानगरपालिका प्रमुखको पद रिक्त छ । काभ्रेको धुलिखेल नगरपालिका, मोरङको रंगेली नगरपालिका, इलामको सूर्योदय नगरपालिका, सोलुखुम्बुको थुलुङ दूधकोशी गाउँपालिका, उदयपुरको लिम्चुङबुङ गाउँपालिका, स्याङ्जाको कालिकण्डकी गाउँपालिका, कैलालीको टीकापुर नगरपालिको पदाधिकारी पद रिक्त रहेको छ । कतिपय वडा अध्यक्षहरूको पद पनि रिक्त छ ।

*स्रोत : अनलाइनखबर ।*


## औषधी व्यवसायी संघ मकवानपुर जिल्ला शाखाको सूचना

नेपाल औषधी व्यवसायी संघ मकवानपुर जिल्ला शाखाको मिति २०८२ माघ २५ गते बसेको बैठकको निर्णयअनुसार यस शाखाको साधारणसभा तथा सातौं जिल्ला अधिवेशनको सूचना यस संघको कार्यालयमा टाँस गरिएकोमा सम्पूर्ण सदस्य ज्यूहरुमा सूचना प्राप्त नभए यसै सूचनालाई आधार मानी निम्न मिति, समय र स्थानमा हुने वार्षिक साधारणसभा तथा अधिवेशनमा उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

मिति : २०८२/१२/२७ र २८ गते (शुक्रबार र शनिबार)
समय : दिउँसो २ बजे ।
स्थान : होटल स्मारक, हेटौंडा-११
दर्ता शूल्क : रु १,०००/-

**भरत कार्की**
**महासचिव**


# बकैया-५ मा चैत ५ गतेदेखि वार्षिक परीक्षा

समाज संवाददाता

हेटौंडा : पूर्वी मकवानपुरको बकैया गाउँपालिका-५ का विद्यालयमा चैत्र ५ गतेदेखि वार्षिक परीक्षा सञ्चालन हुने भएको छ । बिहिबार बसेको शिक्षा समितिको बैठकबाट निर्णय गरिएको गीतावर आधारभूत विद्यालयका प्रधानाध्यापक हरिहर खनालले जानकारी दिनुभयो ।

बैठकको क्रममा शैक्षिक सत्रभरिमा विद्यालय सञ्चालन, गतिविधि, लगानी, प्रतिफलका विषयमा छलफल भएको उहाँको भनाइ छ । ५ नम्बर वडा कार्यालयभित्र रहेका २ मावि, एक निमावि र एक आधारभूत विद्यालयमा करिब १ हजार १ सय जना विद्यार्थी अध्ययनरत छन् । वडाले वार्षिक कार्ययोजना बनाएर परीक्षा, पठनपाठन गराउने, बिदा दिने लगायत कार्य वडाले एकरुपता बनाएर सञ्चालन गर्दै आएको छ ।

बैठकबाट ५ कक्षाको परीक्षा निरीक्षक परिवर्तन गर्ने र उत्तरपुस्तिका फरक-फरक विद्यालयले परीक्षण गर्ने निर्णय भएको छ । ५ कक्षाको परीक्षा पालिका अन्तर्गत नै सञ्चालन हुनेछ । प्रश्नपत्र पालिकास्तरीय शैक्षिक समन्वय समितिले निर्माण गर्ने प्रधानाध्यापक खनालले बताउनुभयो । ८ कक्षाको परीक्षा पनि चैत ५ गतेदेखिबाट नै सञ्चालन हुने उहाँको भनाइ छ । बैठकमा ५ नम्बर वडा अध्यक्ष लक्ष्मी जिम्बाको सभाध्यक्षता भएको थियो ।

# १० किलोमिटर दौडमा सुवास र साधना प्रथम

समाज संवाददाता

हेटौंडा : हेटौंडामा सञ्चालित वृहत खेलकुद, कृषि तथा पर्यटन महोत्सव अन्तर्गत पहिलो दिन जिल्लास्तरीय महिला तथा पुरुष १० किलोमिटर खुला दौड प्रतियोगिता सम्पन्न भएको छ । शुक्रबार बिहान हेटौंडामा १० किलोमिटर दौड प्रतियोगिता सम्पन्न भएको हो । दौड प्रतियोगितामा पुरुषतर्फ सुवास हेम्जन र महिलातर्फ साधना लोप्चन प्रथम भएका छन् ।

प्रतियोगितामा पुरुषतर्फ राक्सिराङ-१ का सुवास हेम्जन प्रथम भएका हुन् । अन्य २२ प्रतिस्पर्धीलाई उछिन्दै हेमजनले प्रथम स्थान हाँसिल गरेका हुन् । दौडमा मनहरी-८ का सन्दिप विक द्वितीय र बकैया-८ का राजकुमार गोले तृतीय भए । यस्तै, महिलातर्फ हेटौंडा-१३ की साधना लोप्चन प्रथम भइन् । उनले अन्य ६ प्रतिस्पर्धीलाई पछि पार्दै महिला दौडको उपाधि जितेकी हुन् । महिलातर्फ हेटौंडा-१३ कै अमृता मोक्तान द्वितीय र हेटौंडा-४ की सुविना गोले तृतीय भएका छन् । राक्सिराङ-१ की निलिमा थिङ सान्त्वना भइन् । महिला पुरुष दुबैतर्फ प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई महोत्सवको उद्घाटन कार्यक्रममा क्रमशः २० हजार, १० हजार, ५ हजार र एकहजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ ।

शुक्रबारबाट नै जिल्लास्तरीय डबल्स ब्याडमिन्टन प्रतियोगितासमेत सुरु भएको छ । हेटौंडा-११, थानाभऱ्याडस्थित कभर्ड हलमा मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष अरुणराज सुमार्गीले ब्याडमिन्टन प्रतियोगिताको उद्घाटन गर्नुभएको हो । ब्याडमिन्टन प्रतियोगिताको विजेताले २० हजार, उपविजेताले १० हजार तथा सान्त्वनाले ५/५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजक मकवानपुर जिल्ला खेलकुद विकास समितिका सदस्य मदन उप्रेतीले जानकारी दिनुभयो ।


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## कम्पनिको नाम परिवर्तन गरिएको बारे सूचना

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको श्री एम. एस. पी. सर्भिसेज प्रालि (दर्ता नं. ३६३८३५/०८१/०८२) को साविक नाम परिवर्तन भई अब उपरान्त श्री एम. एस. पी. लजिस्टिक एण्ड सर्भिसेज प्रालि कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भइसकेकाले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री एम. एस. पी. लजिस्टिक एण्ड सर्भिसेज प्रालि**





समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ